# ६ येशू ख्रीष्टमा भरोसा राख्नु

*<u>यस अध्यायका प्रमूख पदहरू:</u>* मत्ती ११:२८-२९, मत्ती १२:१,२, लूका १४:१-६, यूहन्ना ५:९-१६, मत्ती १२:९-१४ र यशैया ५८:७-१२।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:</u>* "हे थाकेका र बोझले लादिएकाहरू हो, मकहाँ आऊ, म तिमीहरूलाई बिश्राम दिनेछु।" मत्ती ११:२८ रूपान्तरित।

परमेश्वरको बिधि वा व्यवस्था पालन गर्ने जीवित र उत्कृष्ट उदाहरण येशू ख्रीष्ट हुनुहुन्थ्यो। "उहाँले आफ्नो जीवनमा एक पल्ट पनि परमेश्वरको व्यवस्थालाई उलङ्घन गर्नुभएन। मानिसहरूले उहाँको खोट हेर्न वा उहाँले केही गलत काम वा भूल गर्नुहुन्छ कि भनेर आलोचना गर्न जहिले पनि च्याइरहन्थे। तैपनि उहाँलाई दोष लगाउनेहरूको कमी थिएन। त्यसैकारण उहाँलाई दोषी ठहऱ्याउनेहरूलाई यसरी चुनौति दिनुभएको थियो "के तिमीहरूमध्ये कसैले मैले केही पाप गरेको भेट्टाउन सक्छौं?" (यूहन्ना ८:४६ रूपान्तरित)"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २८७बाट रूपान्तरित।

येशूको जीवनले परमेश्वरको व्यवस्थालाई अत्यन्त अर्थमूलक तरिकाले प्रतिबिम्ब गर्नुभएको थियो। त्यो व्यवस्था थियो: दश आज्ञाहरू। उहाँ मानव जीवनमा रहनुभएको परमेश्वरको व्यवस्था थियो। त्यसकारण उहाँको जीवनलाई अध्ययन गर्न सिक्यौं भने परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू कसरी पालन गर्ने भनेर सिक्दछौं। परमेश्वरका आज्ञाहरू परम्पराको नाउँमा सुक्खा, आत्मिक वा बिनाअर्थ पालन गर्ने रितिथिति र बोझिलो होइन भनेर येशूको जीवनले हामीलाई सिकाउँदछ।

ती आज्ञाहरूमा चौथौं आज्ञा पनि उल्लेखनीय छ जसमा भनिएको छ:

सातौं दिन शबाथ सम्झनु र त्यसलाई पवित्र मानेर पालन गर्नु। यस अध्यायमा पनि हामी मत्तीको पुस्तकलाई अध्ययन गर्ने क्रम जारी गर्छौं। शबाथ दिनलाई कसरी पालन गर्ने भन्ने कुरामा केही असहमतहरू हामी नियाल्नेछौं। अनि शबाथलाई कसरी पालन गर्ने भनेर देखाउनुभएको येशूको उदारहणलाई हेर्नेछौं। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू उहाँको चरित्रको नमुना हो। व्यक्तिगत रूपमा येशूले त्यस व्यवस्थालाई पालन गर्नुभएको थियो।

त्यसकारण उहाँले चौथो आज्ञालाई कसरी पालन गर्नुभयो र त्यसको बारेमा सिकाउनुभयो भन्ने कुरालाई सिक्न पाइए परमेश्‍वरको चरित्रको बारेमा अझ आत्मज्ञान हामी पाउनेछौं। अझ हामीहरूको जीवनमा परमेश्‍वरको चरित्रलाई हामीले पनि कसरी प्रतिबिम्ब गर्ने भन्ने ज्ञान त्यस जानकारीबाट हामीले सिक्नेछौं।

## १. येशूको हलुका जुवा (मत्ती ११:२८-३०)

आफ्नो सन्देशलाई ग्रहण नगर्ने र अस्वीकार गर्ने गलिलका केही शहरहरूलाई येशूले कडा चेतावनी दिन थाल्नुभएको थियो भनेर मत्ती ११:२०-२७ले औंल्याउँछ। उहाँको चेतावनी किन भयाभव छ भने ती शहरका जनताहरूले सत्य ज्ञान थाहा पाउन ठूलो अवसर पाएका थिए। सत्यको प्रतिक येशू तिनीहरूको माझमा हिँड्नुभएको थियो (यूहन्ना १४:६)। उहाँका सत्य वचनहरू तिनीहरूको निम्ति यथेष्ठ नभए उहाँले अनेकन् शक्तिशाली अचम्मका कामहरू तिनीहरूको सामु गर्नुभएको थियो (मत्ती ११:२०) तर आआफ्नै धन्धामा तल्लिन भएका शहरहरूले आफ्ना गलत जीवनको पश्‍चाताप गर्न अस्वीकार गरेका थिए। जसरी कपरनुममा उहाँले गर्नुभएको प्रभावकारी कामहरू सोडोममा गरेको भए त्यो शहर आजसम्म पनि रहिरहने थियो भनेर येशूले भन्नुभएको थियो (मत्ती ११:२३)। त्यसको अर्थ कपरनुमका मानिसहरू पतित सोडोमका मानिसहरूभन्दा गएगुज्रेका थिए।

कपरनुमका जनताहरूप्रति क्षोभ प्रकट गर्नुभएको लगत्तै येशूले परमेश्‍वर पितासँग प्रार्थना गर्न सुरू गर्नुभएको थियो भनेर मत्ती ११:२५-२७ले बताउँछ। पितालाई धन्यवाद दिइ उहाँले उहाँसँग आफू कस्तो घनिष्ठ सम्बन्ध रहेको छ भनेर उहाँले सम्बोधन गर्नुहुन्छ। उहाँले जे गर्नुभयो र उहाँमा जे थियो त्यो सबै परमेश्‍वर पिताबाट नै हुन् भनेर उहाँले पितालाई जस दिनुहुन्छ। त्यसले गर्दा नै ती शहरहरूले उहाँलाई अस्वीकार गरेको बिषय अत्यन्त गम्भिर र दुःखलाग्दो हुनगयो।

येशूले ती शहरहरूको आचरणप्रति आपत्ती जनाउनुभएको लगत्तै तिनीहरुलाई आह्वान गर्नुहुन्छ। त्यस आह्वानमा के छन्? ती शहरहरूका बासिन्दाहरूप्रति क्षोभ प्रकट गर्नुभएको लगत्तै उहाँले ती वचनहरू किन उच्चारण गर्नुभयो? हेर्नुहोस् मत्ती ११:२८-३० "२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु,

अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। ३० किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।"

येशूले शहरका बासिन्दाहरूको अबिश्वासको आलोचना गर्नुहुन्छ र फेरि परमेश्वर पितासँग आफू कति नजिक भएको भनेर खुलाउनुहुन्छ। अनि थाकेका र बोझले लादेकाहरूलाई उहाँको बिश्राम उपलब्ध गराउनुहुन्छ। अर्थात् उहाँलाई मध्यनजर राखेर चल्नु र अरूले उहाँले अस्वीकार गरेर भूल गरेको जस्तै उहाँका श्रोताहरूले नगर्न उहाँले भन्नुहुन्छ। उहाँले जे भन्नुभएको थियो सो गर्न उहाँसँग शक्ति र अधिकार थियो। उहाँकहाँ आउँदा हामीहरूको आत्माले बिश्राम पाउनेछ भनेर उहाँले कबूल गर्नुहुन्छ। त्यस बिश्राममा शान्ति, मुक्ति र आशा समावेश भएका छन् जुन् उहाँकहाँ आउन अस्वीकार गर्नेहरूले उपभोग गर्न पाउँदैनन्।

हामीलाई बिश्राम दिन्छु भनेर येशूको वक्तव्यको अर्को अर्थ के हुनसक्छ त? त्यसको अर्थ अल्छी हुने, निश्क्रिय हुने वा केही नगरि भगवान भरोसा भनेर हातखुट्टा छोडेर बस्ने वा परजीवि भएर बस्ने? त्यो अवस्य पनि होइन। हामी सबैको निम्ति येशूको अत्यन्त उच्च आदर्श लक्ष्य छ। उहाँले डाँडामा दिनुभएको उपदेशमा हामीले हेर्‍यौं। तर येशूसँग सम्बन्ध राखेर चल्दा हामीलाई थकान र पेलानको अनुभव गर्नु भनेको होइन। उहाँको शिक्षादीक्षा ग्रहण गरेर, उहाँलाई पछ्याएर र उहाँको चरित्रलाई हामीहरूको चरित्र बनाएर चल्दा हामीहरूको जीवनमा भएका अनेकन् समस्या र कष्टहरूबाट हामी बिश्राम पाउनेछौं भनेर उहाँले हामीहरूलाई भन्न खोज्नुभएको हो। त्यो बिश्रामको झलक हामीले शबाथ पालन गर्दा देख्न पाउँछौं भनेर हामी हेर्नेछौं।

प्रभु येशूले उपलब्ध गर्नुभएको प्रतिज्ञालाई तपाईंले कसरी अनुभव गर्नुभएको छ? हामीहरूको जीवनमा बोक्नुपर्ने भारीलाई हलुका र सजिलो पार्न कोमल र नम्र हुनु किन आवश्यक छ?

## २. प्रभुले दिनुभएको बिश्रामदिनप्रति बेचैन वा मानिसहरूको आपत्ती (मत्ती १२:१,२

विश्वका अधिकांस इसाईहरूले जनाएको आपत्ती अनुसार हप्ताको सातौं दिन शबाथलाई बाइबलबाट हटाएको भए के हुन्थ्यो होला? यदि इसाई भनाउँदाहरूले नै शबाथको गरिमालाई निकम्मा ठान्नु परेको भए येशू ख्रीष्ट आफैले शबाथको बारेमा किन धेरै अर्थमूलक चर्चा गर्न समय बिताउनुभयो होला?

शबाथको सन्दर्भमा येशूले यहूदी पण्डितहरूलाई धेरै स्पष्टिकरण दिनु परेको थियो। देहायका पदहरू हेर्नुहोस् र त्यसमा उल्लेख गरिएका दृष्यहरूमा के के समस्याहरू थिए र यथार्थमा शबाथको मामिलामा ती समस्याहरू येशूको निम्ति मूल बिषयबस्तु नै किन होइन? हेर्नुहोस्ः मत्ती १२:१,२ "१ त्यस समय येशू शबाथमा अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। उहाँका चेलाहरू भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे। २ तर फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर्नोस्, तपाईंका चेलाहरू शबाथमा जे गर्नु अनुचित छ, त्यही गर्दछन्।" , लूका १४:१-६ "१ एक शबाथ उहाँ फरिसीहरूका कुनै एक जना शासकको घरमा खान जानुभयो। फरिसीहरू उहाँको चेवामा बसिरहेका थिए। २ जलग्रह रोगले पीडित एक जना मानिस उहाँको सामुन्ने थियो। ३ येशूले व्यवस्थाका पण्डितहरू र फरिसीहरूलाई सोध्नुभयो, "शबाथमा निको पार्नु उचित छ, कि छैन?" ४ तर तिनीहरू चूप लागिरहे, र उहाँले त्यस रोगीको शरीरमा हात राखी निको पार्नुभयो र त्यसलाई जान दिनुभयो। ५ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसले आफ्नो गोरु वा गधा शबाथ-दिनमा इनारमा खस्यो भने त्यसलाई झट्टै निकाल्दैन?" ६ अनि तिनीहरूले यस कुराको जवाफ दिन सकेनन्।", मर्कूस २:२३-२८ "२३ एक शबाथ-दिन उहाँ अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। त्यताबाट जाँदा उहाँका चेलाहरूले हिँड्दाहिँड्दै अन्नका बाला टिप्न लागे। २४ यो देखेर फरिसीहरूले उहाँलाई भने, "हेर्नुहोस्, शबाथ-दिनमा जे गर्नु अनुचित छ तिनीहरू किन त्यही गर्दछन्?" २५ उहाँले तिनीहरूलाई भन्नुभयो, "जब दाऊद र तिनीसँग हुनेहरू खाँचोमा परेका र भोकाएका थिए तब दाऊदले के गरे? के तिमीहरूले कहिल्यै पढ़ेका छैनौ? २६ प्रधान पूजाहारी अबियाथारको पालोमा परमेश्वरको भवनमा तिनी पसे, र परमेश्वरलाई चढ़ाइएको रोटी खाए, जो पूजाहारीले बाहेक अरूले खान अनुचित छ, र त्यो रोटी तिनको साथमा हुनेहरूलाई पनि दिए।" २७ तिनीहरूलाई उहाँले भन्नुभयो, "शबाथ-दिन मानिसको लागि बनेको हो, मानिस शबाथ-दिनको निम्ति होइन। २८ यसैकारण मानिसको पुत्र शबाथ-दिनको पनि प्रभु हो।" र यूहन्ना ५:१-१६ "१ त्यसपछि यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। २ यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ३ त्यहाँ अनेक रोगीहरू, अर्थात्– अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पस्रिरहन्थे। [तिनीहरू पानी कति बेला छ्चल्किन्छ भनेर पर्खिरहन्थे। ४ किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा

ओर्लेर पानी हल्लाइदिन्थे, र पानी छचल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भए पनि, त्यो निको भइहाल्थ्यो।] ५ त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पस्रिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ?"

७ रोगीले उहाँलाई भन्यो "हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिँड़।" ९ तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिँड़िहाल्यो। त्यो दिन शबाथ-दिन थियो। १० यसकारण निको पारिएको त्यस मानिसलाई यहूदीहरूले भने, "यो त शबाथ-दिन हो, तिमीलाई ओछ्यान बोक्नु उचित छैन।" ११ त्यसले तिनीहरूलाई जवाफ दियो, "जसले मलाई निको पार्नुभयो उहाँले नै भन्नुभयो, 'आफ्नो ओछ्यान बोकेर हिँड़'।" १२ तिनीहरूले त्यसलाई सोधे, "तिमीलाई ओछ्यान बोकेर हिँड़ भन्ने मानिस को हो?" १३ तर निको भएको त्यस मानिसले उहाँ को हुनुहुन्थ्यो भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो।

१४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढ़ी खराबी आई नपरोस्।" १५ उसलाई निको पार्ने त येशू हुनुहुँदोरहेछ भनेर त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो। १६ त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो।"

**परमेश्वरको आज्ञाहरू बिशेष गरेर शबाथ दिनको अपमान गर्दा यहूदीहरू बेबिलोनमा युद्धबन्धी भएर जानुपरेको अरू कारणहरूमा त्यो पनि एक कारण थियो भनेर यहूदीहरूका धर्मगुरू फरिसी पण्डितहरूलाई थाहा थियो। शबाथ दिनको अपमान नहुन ती फरिसीहरूले चाहेका थिए ताकि तिनीहरू फेरि युद्धबन्धी भएर बिदेशमा जानु नपरोस्। त्यसकारण शबाथ दिनमा नगर्नुपर्ने कामहरू कसैले नगरोस् भनेर ती पण्डितहरू निगारानीमा बस्दथे। (इस्राएलमा अहिले पनि शबाथ दिनलाई कसैले बितुलो नपारोस् भनेर यहूदी धर्मगुरूहरूले शबाथ प्रहरी खडा गरेको यस अनुवादकले पढेको थियो)। त्यसकारण शबाथ दिनमा के गर्नुहुन्छ के गर्नुहुन्न भनेर ती यहूदी धर्मगुरूहरूले लामो सुचीको**

सृजना गरेका थिए। शबाथ दिनको पवित्रतालाई सुरक्षित राख्न तिनीहरूले ती नितिहरू खडा गरेका थिए। तिनीहरूमा केही यस प्रकारका छन्:

*यदि कुखुराले शबाथ दिनमा अण्डा पार्‍यो भने के त्यो खानु उचित छ?* कुखुराले काम गरिरहेको हुँदा शबाथ दिनमा उसले पारेको अण्डा खानु उचित छैन भने प्रायजसो फरिसीहरूको धारणा थियो। तर त्यो कुखुरा खानलाई मात्र पालिएको छ र उसले खाना खाएको खाएै गरेर मोटो हुन्छ र उसले अण्डा पार्‍यो भने के गर्ने? त्यो अण्डा खान उचितै छ भन्ने निति तिनीहरूको थियो। किनभने त्यस कुखुराको पहिलो काम अण्डा पार्ने थिएन। (शबाथ दिनलाई तोड्ने अण्डा पार्ने कुखुरालाई मारेर खायो भन्यो भने उसले शबाथ दिनमा पारेका अण्डा खान उचित छ भनेर पनि यहूदीहरूमा कतिपयको धारणा थियो)।

*के शबाथ दिनमा आफूलाई ऐनामा हेर्नुहुन्छ?* त्यसको जवाफचाहीँ, हुन्दैन रे, किनभने तपाईंले ऐनामा आफूलाई हेर्दा तपाईंको कपालमा सेतो कपाल फुलेको देख्नुहुन्छ भने त्यसलाई निकाल्न खोज्नुहुनेछ। त्यो कपाल उखेल्ने काम कटनी गरेको जस्तै हुनेछ र कपाल उखेल्ने काम शबाथमा काम गरेको जस्तै देखिनेछ जसले गर्दा तपाईंले शबाथलाई तोडिरहनुभएको छ वा शबाथको अपमान गरिरहनुभएको भनेर देखाउँदछ।

*यदि तपाईंको घर शबाथमा आगलागी भयो भने के तपाईं त्यस घरभित्र गएर आफ्ना लुगाफाटाहरू घरबाट ल्याउन उचित छ?* त्यसको जवाफचाहीँ, तपाईंले केवल एक जोर लुगामात्र ल्याउन सक्नुहुन्छ। तपाईंले एक जोर लुगा लगाउनुभएको छ भने अर्को जोर लुगा जलिरहेको घरबाट ल्याउनु उचित छ। (यदि तपाईंको घर शबाथमा आगलागी भयो भने गैर-यहूदी वा अन्यजातिहरूसँग त्यो आगो निमाउन सहायता माग्नु उचित छैन रे! तर तिनीहरू स्वइच्छाले आगो निभाउँछ भने त्यो उचितै छ रे!)।

*के शबाथ दिनमा थुक्नु उचित छ?* शबाथ दिनमा ढुङ्गामा थुक्नु उचितै छ तर भुईं वा जमिनमा थुक्नु उचित छैन किनभने त्यसो गरेमा तपाईंले माटो मुछेको काम देखाउँदछ रे!

ती केही नितिहरू सुन्दा हामीलाई हाँसो लाग्छ होला, शबाथको बिषयवस्तुमा मात्र होइन तर हामीहरूको विश्वासको अरू भागहरूमा पनि त्यस्तै खालको नितिहरू तर्जुमा गरेर शबाथलाई हास्यस्पद नबानाउन कसरी सतर्क हुने? सानो तिनो कुराहरूले गर्दा शबाथको गरिमालाई नै न्युनस्तरमा नझार्न हामीले के गर्नुपर्छ?

## ३. येशूले जवाफ दिनुहुन्छ (मत्ती १२:३-८)

**अगाडिको बुँदामा हामीले यो हेऱ्यौं: शबाथको नाउँमा कडा नियमहरू अपनाउँदा शबाथको सही लक्ष्य पण्डितहरूले बिखण्डित पारेको येशूले सामना गर्नुपरेको थियो। त्यो दिन हप्ताभरी काम गरेर बिश्राम लिनुपर्ने दिन थियो। त्यो दिन परमेश्वरको आराधना गर्ने र अरू बिश्वासीहरूसङ्ग सङ्गति गर्ने दिन हुनुपर्थ्यो जुन् अरू दिनमा भ्याउँदैन थियो। अरू दिनहरू वा हप्तामा आफ्ना छोराछोरी तथा परिवारसँग आमाबाबुहरूले समय बिताउन नभ्याउने भएकोले परमेश्वरले नै सदाशयता देखाउनुभएर शबाथ दिन दिनुभएको थियो जसले गर्दा आमाबाबुहरूले आफ्ना परिवारसँग बढि समय बिताउन समय उपलब्ध हुन सकोस्। हामीहरूको सृष्टिकर्ता, हामीहरूको उद्धारकर्ताले हामीहरूको निम्ति के गर्नुभयो सो सम्झेर खुशियाली मनाउन हप्ताको सातौं दिन पवित्र बिश्राम दिन शबाथको बरदान हामीलाई दिइएको हो।**

मत्ती १२:३-८ फेरि दोऱ्याएर पढ्नुहोस् जसमा कसरी फरिसी पण्डितहरूले शबाथलाई बोझ बनाएर पालन गर्न निर्देशन दिने चलनलाई येशूले मानविय रितिथिति वा धर्म भन्दा मानिसको ज्यान महत्त्वपूर्ण छ भनेर बाइबलबाट नै ओठे जवाफ दिनुभएको थियो? येशूले? उहाँले उदृध गर्नुभएको १ शमूएल २१:१-६ पनि पढ्नुहोस्। मत्ती १२:३-८ "१ त्यस समय येशू शबाथमा अन्नका खेतहरूबाट भएर जाँदैहुनुहुन्थ्यो। उहाँका चेलाहरू भोकाएका थिए र अन्नका बाला टिप्दै खान लागे। २ तर फरिसीहरूले यो देखेर उहाँलाई भने, "हेर्नोस्, तपाईंका चेलाहरू शबाथमा जे गर्नु अनुचित छ, त्यही गर्दछन्।" ३ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, उनि र उनका साथमा हुनेहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४ कसरी उनले परमेश्वरको भवनभित्र पसेर चढ़ाइएको रोटी खाएथे? त्यो रोटी खान न त उनलाई न उनिसँग हुनेहरूलाई, तर केवल पूजाहारीहरूलाई मात्र उचित थियो। ५ अथवा के व्यवस्थामा पढ़ेका छैनौ, कसरी शबाथमा पूजाहारीहरूले मन्दिरमा शबाथलाई अपवित्र तुल्याउँछन्, र पनि निर्दोषी ठहरिन्छन्? ६ तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ। ७ तर 'म बलिदान होइन, दया चाहन्छु' भनेको अर्थ के हो सो तिमीहरूले जानेका भए तिमीहरूले निर्दोषीलाई दोष लाउनेथिएनौ। ८ किनकि मानिसको पुत्र शबाथको प्रभु हो।" र १ शमूएल २१:१-६ "१ दाऊद नोबमा अहीमेलेक पूजाहारीकहाँ गए। तिनलाई भेट्दा अहीमेलेक कामे र भने, "तपाईं किन एक्लै आउनुभयो? किन तपाईंसँग कोही छैन?" २ दाऊदले अहीमेलेकलाई भने, "म राजाको हुकुम

लिएर आएको छु। उहाँले खटाउनुभएको कामको बारेमा अथवा यी हुकुम के हुन् भनी मैले कसैलाई थाहा दिनुहुँदैन। जब म मेरा मानिसहरूबाट बिदा भएँ तब मैले तिनीहरूलाई अमुक ठाउँमा भेट्नू भनी भने। ३ अब तपाईंसित के छ? मलाई पाँच वटा रोटी अथवा जति पाउन सक्नुहुन्छ दिनुहोस्।" ४ तर पूजाहारीले दाऊदलाई भने, "मसित साधारण रोटी त छैन। चढ़ाइएको पवित्र रोटी मात्र छ। तर के ती जवानहरू स्त्रीबाट अलग बसेका छन्?" ५ दाऊदले पूजाहारीलाई जवाफ दिए, "अहिलेसम्म धावामा जाँदा, हामीहरू स्त्रीहरूबाट अलग बसेका छौं। अशुद्ध काम गर्न गएका भए तापनि यी जवान मानिसहरूका वस्तुहरू चोखा छन्। आजको दिन तिनीहरूका वस्तुहरू झन् कति बढ़ी चोखा छन्!" ६ त्यहाँ अरू कुनै रोटी नभएको हुनाले ती पूजाहारीले तिनलाई त्यो चढ़ाइएको रोटी दिइहाले, जुन रोटी परमप्रभुको सामुबाट निकालिएर उही दिनमा तातो रोटीले साटिएको थियो।"

जुन कडा शब्दहरूबाट येशूले धार्मिक पण्डितहरूलाई सम्झाउन खोज्नुभएको थियो ती भन्दा कडा शब्दहरू उहाँले पछि तिनीहरूलाई सम्बोधन गर्नुभएको थियो (२३ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। २४ अन्धा अगुवा हो, तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ। २५ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन्। २६ अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार, र तिनको बाहिरपट्टि पनि सफा होस्।"Matthew २३:२३-२६)। परमेश्वरको चाहनामा के साँच्चिकै महत्त्वपूर्ण छन् तिनीहरूमा ती धार्मिक पण्डित तथा गुरूहरूले दृष्टिगत गर्न सक्षम् होउन् भन्ने येशूको आशय थियो। येशूले भुमिगत भएर भाग्नु परेको दाउदको लोकले थाहा पाएको कथालाई ती धर्मगुरूहरूलाई सम्झाउनको निम्ति सुनाउनु हुन्छ। उनले पवित्र मन्दिर भित्र पसेर पवित्र मन्दिरमा चढाइ राखेको पवित्र रोटो खाएका थिए। ती रोटीहरू केवल पुजारीहरूले मात्र खानु पर्थ्यो। तर दाउदको भोक र उनिसँग भएका युवकहरूको भोकलाई मेटाउन मन्दिरमा चढाएको रोटीभन्दा जरुरत थियो। मन्दिरमा गरिने धार्मिक बिधिहरू भन्दा मानिसहरूको ज्यान परमेश्वरको निम्ति महत्त्वपूर्ण थियो। त्यही प्रकारले येशूका चेलाहरूको

भोक मेटाउनु शबाथका रितिथितिहरूलाई पालन गर्नुभन्दा उहाँको निम्ति बढि महत्त्वपूर्ण थियो।

शबाथ दिनमा पुजारीहरूले पवित्र मन्दिरमा गरिने बिधिहरूलाई पनि येशूले औंल्याउनुभएको थियो। शबाथको दिनमा पुजारीहरूलाई अरूलाई सहायता गर्न अनुमती थियो। त्यसै प्रकारले शबाथ दिनमा येशूका चेलाहरूले गरिने कामलाई अनुमती थियो किनभने ती पुजारीहरूले सेवाकार्य गर्ने मन्दिर भन्दा येशूको कार्य महान् थियो।

येशूले सम्बोधन गर्नुभएको ती वचनहरूमा वा अन्तै पनि परमेश्वरले निर्देशित गर्नुभएको शबाथको आज्ञालाई न्युनस्तरमा झार्नुभएको आभास दिइएको छैन। उहाँले मानिसहरूलाई बन्धक बनाइराखेकोबाट स्वतन्त्र गर्न चाहनुभएको थियो। शबाथबाट स्वतन्त्र होइन तर धर्मको नाउँमा अनेकौं मूर्खतापूर्ण रितिथिति वा परम्पराबाट फुत्काएर सही शबाथको गरिमालाई मानिसहरूको सामु प्रस्तुत गर्न चाहनुभएको थियो। हामीहरूका सृष्टिकर्ता र मुक्तिदातामा हुने शान्ति र बिश्रामको नमुना शबाथ पनि हो।

"येशूको समयमा शबाथ दिन पालन गर्ने नितिमा पण्डितहरूले यस्तरी बँग्याएका थिए कि त्यस दिनले प्रेमिलो स्वर्गको पिताको चरित्रलाई प्रतिबिम्ब गराउनुको सट्टा भ्रष्ट तथा स्वार्थी मानिसको चरित्रलाई प्रतिबिम्बित गरेको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २८४बाट रूपान्तरित। शबाथ दिनमा तपाईंले गर्ने काममा आफूले आफैलाई नियालेर हेर्नुहोस् र सोध्नुहोस् के त्यसले तपाईंको चरित्रलाई प्रतिबिम्ब गरेको छ कि परमेश्वरको?

## ४. शबाथमा येशूले बिरामीहरूलाई निको पार्नुहुन्छ (मत्ती १२:९-१४)

सबाथको बिषयमा येशू र धार्मिक पण्डितहरूको बीचमा चलेको जुहारी वा छलफल वा घट्नाहरूलाई सुसमाचारका लेखकहरूले लेखेका विवरण पढ्नु अत्यन्त घटलाग्दो छ। यदि सबाथको गरिमा वा महत्त्वलाई हटाउनु छ भने सुसमाचारका ती चारै लेखकहरूले येशूले यहूदीहरूसँग सबाथको बिषयमा गर्नुभएको संघर्षका धेरै कथाहरू किन उल्लेख गरेनन् त? यो त झन चासोको बिषय हुन गएको छ जब सुसमाचारका पुस्तकहरू येशूको सेवाकालको धेरै वर्षपछि लेखिएको थियो। निःसन्देह, बाइबलका चिन्तक वा विद्वानहरूले सुसमाचारका पुस्तकहरू ठ्याक्कै कुन् साल वा मितीमा लेखिएका थिए भनेर मतभेद छ। तर प्रायजसो बाइबलका अग्रज विद्वानहरूले ती सुसमाचारका पुस्तकहरू येशूको मृत्युको २०देखि ३० वर्ष पछि लेखेका थिए भनेर सहमत

भएको पाइन्छ। यदि येशूको जीवनमा हप्ताको सातौं दिन शबाथ शनिवारको सट्टा आइतवारमा परिवर्तन गरेको भए वा परिवर्तन गर्न निर्देशन येशूले दिनुभएको भए त्यसको अनुमोदन गरेको ती सुसमाचारका लेखेकहरूले कुनै आभास् दिएको पाइन्दैन। त्यसैकारण, हप्ताको सातौं दिनको गरिमा वा आवश्यकतालाई परिवर्तन नगरेको जबर वा शक्तिशाली प्रमाण हामीहरूले सुसमाचारका पुस्तकहरूमा नै पाउँछौं। आफ्नो मृत्यपछि हप्ताको सातौं दिन शबाथलाई कुनै दिनमा वा आइतवारमा परिवर्तन गर्न येशूले दिनुभएको निर्देशन सुसमाचारका चारै पुस्तकहरूमा कहीं पनि दिनुभएको पाइन्दैन। यदि हामीहरूले येशूको निर्देशन र उदाहरणलाई केलायौं भने मानव इतिहासमा हप्ताको सातौं दिन शबाथको गरिमा वा महत्त्व अझ पनि कायम छ र सबैले त्यसको पालन गर्न जरुरत छ भनेर देखाइरहेको पाउँछौं।

शबाथ दिनको उचित पालना गर्ने विषयलाई लिएर येशू र धार्मिक पण्डितहरूको बीचमा भएको येशूको ज्यानमाथि आतङ्कित बनाउने भयङ्कर असहमती मत्ती १२:९-१२मा उल्लेख गरिएको छ। त्यो किनभयो होला? हेर्नुहोस् "९ त्यहाँबाट निस्केर उहाँ तिनीहरूको सभाघरमा जानुभयो। १० त्यहाँ एउटा हात सुकेको मानिस थियो। तिनीहरूले येशूलाई दोष लगाउने अभिप्रायले उहाँलाई सोधे, "के शबाथमा कसैलाई निको पार्नु उचित छ?" ११ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसैको एउटा भेड़ा छ, र शबाथमा त्यो खाल्डोमा पर्‍यो भने, के तिमी त्यसलाई समातेर बाहिर निकाल्दैनौ र? १२ भेड़ाभन्दा मानिस कति बढ़ी मूल्यवान् छ? यसैकारण शबाथमा भलो गर्नु उचित छ।" १३ तब उहाँले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसार्‍यो, र त्यो हात अर्को जस्तै सद्दे भइगयो। १४ तर फरिसीहरूले बाहिर गएर उहाँलाई कसरी नाश गरौं भनेर उहाँको विरुद्धमा मतो गर्न लागे।"

"अर्को शबाथमा येशू यहूदीहरूको धार्मिक स्थल वा सिनिगगमा जानुभएको थियो। त्यहाँ पक्षाघात हातभएको मानिस उहाँले देख्नुभयो। त्यहाँका फरिसी पण्डितहरूले उहाँलाई हेरिरहेका थिए। येशूले त्यस बिरामीलाई के गर्नुहुनेछ भने बढो चनाखोसाथ हेर्दै थिए। शब्बथमा कसैलाई निको पार्नुको अर्थ उहाँले शब्बथको पालनालाई तोडिरहनुभएको छ भनेर ती पण्डितहरूले उहाँप्रति आपत्ति जनाउनेछ भन्ने पूर्वज्ञान उहाँलाई थाहा थियो। तर ती पण्डित वा धार्मिक गुरूहरूले उहाँको खिलाफमा के सोच्छन् त्यसप्रति उहाँले चासो देखाउनुभएन र आफूले गर्नुपर्ने कामको समयलाई पनि उहाँले बरबाद गर्नुभएन। शब्बथ दिनमा

पालन गर्नु पर्ने अनावश्यक कडा रिति तथा नितिहरूलाई उहाँले तोड्नुभएको थियो। ती नियम वा संस्कारहरूले शब्बथको आशिष र आनन्दलाई पनि तगारो जस्तो जस्तो बनेर खडा भइरहेका थिए।.....असल काम गर्न अवसर आउँछ तर गरिएन भने त्यो खराब वा पाप हो भनेर यहूदीहरूको बीचमा लोक धारणा थियो। कसैको जीवन बचाउन अस्वीकार गरियो भने त्यसको हत्या गर्नु हो भनेर यहूदीहरूले बिश्वास गर्दथे। त्यसकारण जब येशूले बिरामीलाई निको पार्नुभयो तब ती पण्डितहरूकै बीचमा चलेको धारणाको आधारमा उहाँले तिनीहरूसँग सामना गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २८६बाट रूपान्तरित।

शब्बथकोबारेमा अघिल्लो घट्नामा जस्तै माथिको घट्नामा पनि परमेश्वरको व्यवस्थाको र विश्वासको जीवनको उच्च तथा आदर्श लक्ष्यलाई मानिसहरूको सामु येशूले औंल्याउन चाहनुभएको थियो। शब्बथको दिनमा ती धर्मका खोल लगाउने पण्डितहरूले बिरामीहरू दुःख, कष्ट र पिडामा परिरहेकोमा संतुष्ट हुन्थे तर मानव निर्मित शब्बथका कुनै पनि नियमहरू नतोडोस् भन्ने तिनीहरूको अतिवादी धारणा थियो। तिनीहरूले बनाएका र अपनाएका शब्बथको बारेमा नियमहरू यस्तो बाँगिएको थियो कि ती धर्मगुरू रब्बीहरूले आफ्नो गोरू खाल्डोमा फस्यो भने त्यसलाई निकाल्न सक्थे तर कष्टमा परिरहेको मानिसलाई बचाउन तिनीहरूले चाहन्नथे। हामीहरूको बिश्वासको व्यवहारमा अत्यन्त चनाखो भएर चल्नुपर्छ ताकि हामी पनि धर्मको नाउँमा परमेश्वरको आदर्श चाहनालाई ओझेलोमा नपारौं।

## ५. शब्बथको उचित पालना (मत्ती १२:१२)

शब्बथ दिनको गरिमा, त्यसको अपरिहार्यता तथा मूल्यलाई प्रभु येशूले न त अवमूल्यन गर्नुभयो न त हटाउनु नै भयो। त्यो स्पष्ट जिकिर हामीले सुसमाचारका पुस्तकहरूमा उल्लेख गरेका येशूका क्रियाकलापहरूले छर्लङ्ग पारेको छ। बरू उहाँले सब्बथ दिनको अर्थलाई पुन नविकरण गर्नुभयो अर्थात् त्यसको पक्का अर्थलाई उहाँले फेरि खुलासा गर्नुभयो। सब्बथको बारेमा मानिसहरूलाई लादेका बिभिन्न अनावश्यक तथा बोक्नै नसक्ने वा व्यवहारिक रूपमा पालन गर्न नसक्ने चलनहरूबाट उहाँले फुत्काउनुभएको थियो। येशूको मृत्यु र पुनरुत्थान भएको सयौं वर्ष पछि पनि इसाईहरूले शब्बथमा बिश्राम लिइरहेका थिए र त्यस दिनमा परमेश्वरको विशेष आराधना गर्दै आएका थिए। पाँचौ शताव्दीमा सोक्रेटस स्कलस्टिकस नाउँ गरेको एक प्रख्यात इतिहासकार

**थिए। शब्बथको बारेमा उनले यसरी लेखेका छन्ः "प्रायजसो संसारका सबै चर्चहरूमा पवित्र प्रभुभोजको रहस्यमय बिधि प्रत्येक शब्बथमा मनाइन्थ्यो।"- इक्लिसियास्टिकल हिस्टोरी, ठेली ५, पृ. २८९बाट रूपान्तरित। शब्बथमा घटेका बिभिन्न सबै घट्नाहरूलाई सुसमाचारका पुस्तकहरूमा लेखेको धेरै कारणहरू छन्। ती कुनै पनि विवरणले शब्बथको गरिमा वा मूल्यको अवमूल्यन गरेको मानिसहरूलाई औंल्याएको छैन।**

"त्यसकारण शब्बथ दिनमा जे असल छ त्यो गर्नु उचित वा विधिसम्मत छ" भनेर येशूले व्यक्त गर्नुभएको धारणालाई फेरि सोच्नुहोस्। त्यस धारणा जुन् परिस्थितिमा येशूले सम्बोधन गर्नुभयो त्यसको अर्थ के हो? शब्बथ पालन गर्नुमा के के कुराहरू समावेश हुनुपर्ने रहेछ भनेर त्यसले हामीलाई के पनि भन्दछ?

**यहूदीहरूको कानुनमा जोखिममा परेको मानिसको जीवनलाई शब्बथमा उपचार गर्न अनुमती दिएको छ। तर येशूले त्यो भन्दा अझ अघि बढ्नुभएको थियो। अरू दिनमा उपचार गरेर निको पार्ने कामलाई शब्बथमा पनि गर्न सकिन्छ भनेर येशूले अनुमती दिनुभएको थियो। पछि मत्तीको पुस्तकमा येशूले जे भन्नुभयो त्यसलाई हेर्नुहोस् तः "स्वर्गको राज्यको बारेमा सिकाउन खटाइएको प्रत्येक गुरू भनेको घरको मालिक जस्तो हो। आफ्नो घरको भन्डारबाट नयाँ र साथसाथै पुराना खजानाहरू वा मूल्यवान धनहरू उले बाहिर ल्याउँदछ।" (मत्ती १३:५२ रूपान्तरित)। त्यस परिप्रेक्ष्यमा येशू गुरू हुनुहुन्छ भनेर सबैबाट मान्यता पाएको हुनाले उहाँले आफ्नो ज्ञानको भन्डारबाट नयाँ खजाना वा मूल्यवान आत्मज्ञानहरू ल्याउनुभएको थियो भनेर स्पष्ट छ।**

यशैया ५८:७-१३मा परमेश्वरलाई पक्का गरेर पछ्याउनु हो भनेको के हो र शब्बथ समेत समावेश भएको उहाँको आदर्श निति वा व्यवस्था अनुसार चल्नु आवश्यक छ भनेर औंल्याएको छ। त्यसै सन्दर्भमा "टुक्रिएको सम्बन्ध वा कारोबारलाई जोड्नु" **वा "भत्किएका घरहरूको निर्माण गर्नु"**को अर्थ के हो भनेर तिन स्वर्गदूतहरूको सन्देशले हामीहरूलाई कसरी बुझाउन सहयोग गर्दछ? पहिला यशैया ५८:६-१४ "६ "अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड्चूँड् गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब

तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, 'म यहीँ छु'।

"यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औँला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैँचाझैँ र नसुक्ने पानीको मूलझैँ हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ। १३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।" र प्रकाश १४:६-१३ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा

केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ। १३ अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, "यो लेखः अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्।" आत्मा भन्नुहुन्छ, "हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्।"

## उपसंहारः

थप जानकारीः **कसैले यो भनेको छः "धर्म होस् वा धर्म नहोस्, असल मानिसहरूले असलै काम गरिरहेका हुन्छन् भने खराब वा दुष्ट मानिसले दुष्टै काम गरिरहेका हुन्छन्। तर असल मानिसले दुष्ट काम गर्न त्यसलाई धर्मको आधार चाहिन्छ।" १६०० शताब्धीमा फ्रान्सको प्रख्यात चिन्तकले यो प्रख्यात कुरा व्यक्त गरेर मानव जगतलाई चेतावनी दिएका थिए "हर्षसाथ र पूर्णरूपले मानिसले दुष्ट काम कहिलै गर्दैन यदि उसले धर्मको नाउँ वा आडमा गरेन भने।" यो सोच हुन त केही हदमा बँग्याएर व्यक्त गरिएको छ। तर दुःख लाग्दो कुरो त यो छ कि त्यसमा केही सत्यता छ। उनले व्यक्त गरेको सही भावनाको अर्थ यस अध्यायमा येशू र फरिसीहरूको बीचमा शब्बथको सन्दर्भमा भएको चर्चाले देखाउँछ।"असल गर्नु ठिक छ कि वा खराब गर्नु ठिक छ, बचाउनु उचित छ कि मार्नु उचित छ भनेर शब्बथको वैधानिकताको प्रश्न गर्दै येशूले फरिसीहरूलाई क्रोधित भएर सोध्नुभएको थियो। ती पण्डितहरूकै आफ्नो दुष्ट लक्ष्यतिर लक्षित गर्दै उहाँले तिनीहरूलाई चुनौति दिनुभएको थियो। तिनीहरू अतिवादी र उहाँप्रति अति तितो घृणाले अभिप्रेरित भएर उहाँको जीवनको अन्त्य गर्न खोजिरहेका थिए। तर उहाँले भने मानिसहरूको जीवनलाई बचाइरहनुभएको थियो र अनगिन्ति मानिसहरूलाई सुख र हर्ष ल्याइरहनुभएको थियो। के तिनीहरूले योजना बनाएको अनुसार शब्बथमा मार्नु उचित थियो कि जसरी दुःखमा परेकाहरूलाई उहाँले निको पार्नुभएको थियो त्यो गर्नु उचित छ? के परमेश्वरको पवित्र दिनमा सबै मानिसहरूलाई प्रेम गर्नुको सट्टा हृदयमा हिंसा वा हत्या जगाउनु उचित छ? किनभने शब्बथ दिनमा पनि येशूले बिरामीलाई निको**

पार्नुभएर परमेश्वरको दयालाई देखाइरहनुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २८७बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. 'म दया चाहन्छु बलिदान होइन" भनेर येशूले भन्नुभएको अर्थ के हो (मत्ती १२:७)? त्यही सन्दर्भमा मत्ती ९:१०,१३, होशे ६:६, र यशैया १:११-१७ पनि पढ्नुहोस्।

आ. बाइबलमा धेरै अत्यन्त प्रभावकारी प्रमाणहरू भएतापनि धेरै ईसाइहरू जतिसुकै विश्वासमा बलियो र येशूलाई प्रेम गर्ने भएतापनि शब्बथको गरिमालाई स्वीकार नगर्न किन हठी छन्? शब्बथको बारेमा सिकाउनु बाहेक हामीहरूले के गर्न सक्छौं जसले गर्दा शब्बथको सत्यतालाई तिनीहरूको मन फराकिलो हुन सकोस्?

इ. तपाईं आफैले शब्बथलाई कसरी मान्नुहुन्छ? शब्बथ दिनलाई पालना गरेर परमेश्वरसँग अझ तपाईं कसरी गहिरो र रमाइलो अनुभवमा पर्न जान सक्नुहुन्छ?

ई. येशूले भन्नुभयो "मेरो जुआ सजिलो छ, र मेरो भारी हलुको छ।" तपाईं आफैले आफैलाई यो प्रश्न सोध्नुहोसः तपाईंका वरिपरि रहेका मानिसहरूको भारी हलुको पार्न र तिनीहरूले बोकिरहेका जुआलाई सजिलो पार्न तपाईंले के गरिरहनुभएको छ?